बैठकको नामः क्व्होलासोथार गाउँपालिका (गाउँ कार्यपालिकाको बैठक)

बैठक क्रम संख्याः आठौं

अध्यक्षताः अध्यक्ष श्री सूर्यप्रसाद गुरुङ

मितिः २०८१।१०।३०, बुधबार

स्थानः क्व्होलासोथार गाउँपालिकाको सभाहल ।

क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मालिङ, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

उपस्थितीः

| क्र.स. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | सूर्यप्रसाद गुरुङ | अध्यक्ष | क्व्होलासोथार गा.पा. -६ | |
| २ | गमीमाया गुरुङ | उपाध्यक्ष | क्व्होलासोथार गा.पा. - ४ | |
| ३ | पेमा गुरुङ | वडा अध्यक्ष, वडा नं. १ | क्व्होलासोथार गा.पा. - १ | |
| ४ | खुसिमान गुरुङ | वडा अध्यक्ष, वडा नं. २ | क्व्होलासोथार गा.पा. - २ | |
| ५ | आसविर गुरुङ | वडा अध्यक्ष, वडा नं. ३ | क्व्होलासोथार गा.पा. - ३ | |
| ६ | नारायण गुरुङ | वडा अध्यक्ष, वडा नं. ४ | क्व्होलासोथार गा.पा. - ४ | |
| ७ | गित बहादुर गुरुङ | वडा अध्यक्ष, वडा नं. ५ | क्व्होलासोथार गा.पा. - ५ | |
| ८ | मनलाल गुरुङ | वडा अध्यक्ष, वडा नं. ६ | क्व्होलासोथार गा.पा. - ६ | |
| ९ | लक्ष्मन गुरुङ | वडा अध्यक्ष, वडा नं. ७ | क्व्होलासोथार गा.पा. - ७ | |
| १० | सन्तोष घले | वडा अध्यक्ष, वडा नं. ८ | क्व्होलासोथार गा.पा. - ८ | |
| ११ | हुमराज गुरुङ | वडा अध्यक्ष, वडा नं. ९ | क्व्होलासोथार गा.पा. - ९ | |
| १२ | श्री गंगा बहादुर घले | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ३ | |
| १३ | श्री सुल बहादुर बि.क. | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ३ | |
| १४ | श्री हेमन्ता गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ४ | |
| १५ | श्री केश कुमारी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ८ | |
| १६ | श्री खास देवी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ९ | |
| १७ | श्री पुष्पा सुनार | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ७ | |
| १८ | श्री आशा कुमारी गुरुङ | नि.प्रमुख प्रशासकीय अधिकृत | क्व्होलासोथार गा.पा. | |
| १९. | श्री प्रकाश श्रेष्ठ | प्राविधिक शाखा प्रमुख | " | |
| २०. | चित्र घर्ती | स्वास्थ्य शाखा प्रमुख | " | |
| २१. | सन्दिप गुरुङ | रोजगार संयोजक | " | |
| २२. | दिपक राज पौडेल | शिक्षा शाखा प्रमुख | " | |
| २३. | कल्पना गुरुङ | MIS शाखा प्रमुख | " | |
| २४. | ममता गुरुङ | महिला शाखा प्रमुख | " | |
| २५. | राम बहादुर गुरुङ | पशु सेवा शाखा प्रमुख | " | |
| २६ | श्री कान्छो [illegible] | [illegible] | | |

CamScanner

## आठौं कार्यपालिका बैठक २०८१।१०।३०, बुधवार

**प्रस्ताव नं १. समपुरक र विशेष योजना छनौट गरी राष्ट्रिय योजना आयोग समक्ष माग गर्ने सम्बन्धमा।**

**निर्णय नं १.** राष्ट्रिय योजना आयोग, काठमाण्डौंसमक्ष आ.व. ०८२/८३ का लागि सङ्घीय समपुरक र विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना/कार्यक्रम/क्रियाकलापहरुमा यस क्व्होलासोथार गाउँपालिकाबाट देहायका आयोजना/कार्यक्रम/क्रियाकलापहरु माग गर्ने निर्णय ।

तपसिलः

**समपूरकः**

१. काम्रो र लम्क्यु खोला मोटर पुल निर्माण (क्रमागत )

२. ६ नं वडा कार्यालय भवन निर्माण, पसगाउँ

३. कैयू झरना पर्यटकीय स्थल निर्माण, वडा नं ४, भुजुङ

**विशेषः**

१. घलेगाउँ गोरखापार्क निर्माण, वडा नं ३

२. सिङ्दी कर्पूडाँडा पर्यटकीय स्थल निर्माण, वडा नं ५

**प्रस्ताव नं २: गाउँपालिका वा अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीको करार म्याद थप सम्बन्धमा।**

**निर्णय नं २:** क्व्होलासोथार गाउँपालिकामा करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको २०८१ माघ १ गते देखी लागु हुने गरी ऐ. चैत्र मसान्तसम्म तीन महिनाको लागि करार सम्झौता थप गर्ने निर्णय।

**प्रस्ताव नं ३ : स्वास्थ्य बिमा कार्यक्रमका लागि बिमित नामावली छनौट सम्बन्धी।**

**निर्णय नं ३ :** स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको प्रत्येक वडाबाट ८/८ जना व्यक्तिहरु छनौट गरी जम्मा ७२ (बहत्तर) जनाको नि:शुल्क बिमा गर्ने निर्णय।

**प्रस्ताव नं ४. कृषि शिविर सञ्चालनको स्थान तय सम्बन्धमा।**

**निर्णय नं ४.** यस पालिकाबाट चालु आ.व. २०८१।०८२ को बार्षिक स्वीकृत कार्यक्रम **कृषि शिविर सञ्चालन** कार्यक्रम सम्पन्न गर्नका लागि वडा नं ४ र वडा नं ९ मा कृषि शिविर सञ्चालन गर्ने।

आठौं कार्यपालिका बैठक २०८१।१०।३०, बुधवार

**प्रस्ताव नं ५. आर्थिक सहायता सम्बन्धी।**

**निर्णय नं ५.** सम्बन्धित व्यक्ति तथा संस्थाबाट प्राप्त निवेदन सहित आवश्यक संलग्न कागतजातहरु र वडा कार्यालयको सिफारिसका आधारमा देहायका संस्था तथा व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने।

| क्र.सं. | व्यक्ति तथा संस्थाको नाम | सहायता रकम/ सामाग्री | उपलब्धताको कारण |
|---|---|---|---|
| १. | वडा नं १, बाग्लुङपानी | १७ थान ग्याविन जाली | रोजा पार्क निर्माण |
| २. | वडा नं ३, बगुम (घले उत्तरकन्या मा. वि. जाने बाटो) | ३७ थान ग्याविन जाली | विपद् (पहिरो) व्यवस्थापन |
| ३. | नेपाल मगर संघ, गण्डकी प्रदेश | रु. ३५,०००। | मगर मौलिक सांस्कृतिक महोत्सव २०८१ |
| ४. | दशौं सुन्दरबजार महोत्सव | रु. ३५,०००। | आन्तरिक पर्यटन प्रवर्द्धन तथा प्रचारप्रसार र व्यापार २०८१ |
| ५. | नेपाल तामाङ घेदुङ, लमजुङ | रु. ३०,०००। | सोनाम ल्होसार २०८१ |
| ६. | यम बहादुर मगर, वडा नं ८ | रु. ५०,०००। | क्यान्सर रोग उपचार खर्च |
| ७. | धनमति लामा, वडा नं २ | रु. १,००,०००। | क्यान्सर रोग उपचार खर्च |
| ८. | पसुपति गुरुङ, वडा नं ६ | रु. १,००,०००। | ब्रेन ट्यूमर उपचार खर्च |
| ९. | मिन प्रसाद गुरुङ, वडा नं १ | रु. ७५,०००। | विपद् व्यवस्थापन |
| १०. | लक्ष्मण गुरुङ, वडा नं ३ | रु. ३०,०००। | क्षारेरोग (Webor Syndrome) |
| ११. | तमु ह्युल छोंज धी, बेसीशहर एकाई, लमजुङ | रु. ३०,०००। | तमु महोत्सव |

**प्रस्ताव नं ६. विविध।**

**निर्णय नं ६.**

क) PMEP अन्तर्गतको कर्पुडाँडा सिङ्दी पर्यटन पदमार्ग निर्माण रु ६,९०,००० को योजना संशोधन गरी " **थालादेखि जनकल्याण टोल हुँदै स्वास्थ्य भवनसम्म जाने गोरेटो बाटो निर्माण** " वडा नं ५को कार्यालयको सिफारिसको आधारमा संशोधन गरी कार्यान्वयनका लागि स्वीकृत दिने।

ख) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तह संस्थागत क्षमता स्वंमूल्याङ्कन(LISA) कार्यविधि, २०७७ र स्थानीय तहको वित्तीय जोखिम मूल्याङ्कन (FRA) कार्यविधि २०७७ बमोजिम यस क्व्होलासोथार गाउँपालिकाले गत आ.व. २०८०।०८१ मा सम्पादन गरेका कार्यहरुको समग्र स्थिति, कार्यप्रक्रिया र परिमाणात्मक स्थितिको बारे चालु आ.व. २०८१/८२ मा सूचकगत रुपमा मूल्याङ्कन गर्दा प्राप्त भएको मिति २०८१।१०।२६ गते प्रकाशन गरिएको LISA र FRA को प्रारम्भिक नतिजा स्वीकृत गरी अनुमोदन गर्ने निर्णय।

माधव प्रसाद वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

CamScanner